# सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजन, सिंहदरवार

## कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०३/३१ गते)

**सूचना नं. १/०८१/८२**

लोक सेवा आयोगबाट मिति २०८२/०३/३० गते प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त देहायका पदहरुमा कार्यक्षमताको मूल्यांकनद्वारा वढुवा मार्फत पदपूर्ति गर्न सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजन कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) को विनियम ५८ र अनुसूची ५ मा तोकिए बमोजिम योग्यता पूरा गरेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र नेपाल टेलिभिजनको प्रशासन महाशाखामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनको वेबसाइट www.ntv.org.np मा उपलब्ध छ । म्याद नाघी तथा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

**बढुवा हुने पदहरुको विवरण :**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | सेवा, समूह, उपसमूह | माग पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८१-८२ | नायब महाप्रबन्धक | ११ | प्रशासन | २ | २,५००।- |
| २ | ०२/२०८१-८२ | निर्देशक | १० | प्रशासन, आर्थिक प्रशासन | १ | २,०००।- |
| ३ | ०३/२०८१-८२ | निर्देशक | १० | प्रशासन, व्यापार | १ | २,०००।- |
| ४ | ०४/२०८१-८२ | निर्देशक | १० | प्राविधिक, अपरेशन | १ | २,०००।- |
| ५ | ०५/२०८१-८२ | निर्देशक | १० | प्राविधिक, समाचार | १ | २,०००।- |
| ६ | ०६/२०८१-८२ | निर्देशक | १० | प्राविधिक, कार्यक्रम | ३ | २,०००।- |
| ७ | ०७/२०८१-८२ | प्रमुख प्रशासन अधिकृत | ९ | प्रशासन, प्रशासन | १ | २,०००।- |
| ८ | ०८/२०८१-८२ | प्रमुख लेखा अधिकृत | ९ | प्रशासन, आर्थिक प्रशासन | १ | २,०००।- |
| ९ | ०९/२०८१-८२ | प्रमुख इञ्जिनियर | ९ | प्राविधिक, इञ्जिनियरिङ्ग, इइक | १ | २,०००।- |
| १० | १०/२०८१-८२ | प्रमुख दृश्य सम्पादक | ९ | प्राविधिक, अपरेशन, दृश्य सम्पादन | १ | २,०००।- |
| ११ | ११/२०८१-८२ | प्रमुख समाचार सम्पादक | ९ | प्राविधिक,समाचार | २ | २,०००।- |
| १२ | १२/२०८१-८२ | प्रमुख क्यामराम्यान | ९ | प्राविधिक, कार्यक्रम, छायाङ्कन | १ | २,०००।- |
| १३ | १३/२०८१-८२ | प्रमुख निर्माता | ९ | प्राविधिक, कार्यक्रम, निर्माण | १ | २,०००।- |
| १४ | १४/२०८१-८२ | कार्यकारी प्रशासन अधिकृत | ८ | प्रशासन, प्रशासन | २ | १,२००।- |
| १५ | १५/२०८१-८२ | कार्यकारी लेखा अधिकृत | ८ | प्रशासन, आर्थिक प्रशासन | १ | १,२००।- |
| १६ | १६/२०८१-८२ | कार्यकारी व्यापार प्रबर्द्धक | ८ | प्रशासन, व्यापार | १ | १,२००।- |
| १७ | १७/२०८१-८२ | कार्यकारी दृश्य सम्पादक | ८ | प्राविधिक, अपरेशन, दृश्य सम्पादन | १ | १,२००।- |
| १८ | १८/२०८१-८२ | कार्यकारी समाचार सम्पादक | ८ | प्राविधिक, समाचार | ३ | १,२००।- |
| १९ | १९/२०८१-८२ | कार्यकारी क्यामराम्यान | ८ | प्राविधिक, कार्यक्रम, छायाङ्कन | २ | १,२००।- |
| २० | २०/२०८१-८२ | बरिष्ठ प्रशासन अधिकृत | ७ | प्रशासन, प्रशासन | २ | १,२००।- |
| २१ | २१/२०८१-८२ | बरिष्ठ लेखा अधिकृत | ७ | प्रशासन, आर्थिक प्रशासन | १ | १,२००।- |
| २२ | २२/२०८१-८२ | बरिष्ठ दृय सम्पादक | ७ | प्राविधिक, अपरेशन, दृश्य सम्पादन | १ | १,२००।- |
| २३ | २३/२०८१-८२ | बरिष्ठ समाचार सम्पादक | ७ | प्राविधिक, समाचार | २ | १,२००।- |
| २४ | २४/२०८१-८२ | बरिष्ठ क्यामराम्यान | ७ | प्राविधिक, कार्यक्रम, छायाङ्कन | १ | १,२००।- |
| २५ | २५/२०८१-८२ | बरिष्ठ निर्माता | ७ | प्राविधिक, कार्यक्रम, निर्माण | २ | १,२००।- |
| २६ | २६/२०८१-८२ | प्रशासन अधिकृत | ६ | प्रशासन, प्रशासन | १ | १,२००।- |
| २७ | २७/२०८१-८२ | प्राविधिक अधिकृत | ६ | प्राविधिक, इञ्जिनियरिङ्ग, इइक | २ | १,२००।- |
| २८ | २८/२०८१-८२ | बरिष्ठ सहायक प्रशासन | ५ | प्रशासन, प्रशासन | २ | ७००।- |
| २९ | २९/२०८१-८२ | बरिष्ठ सहायक प्राविधिक | ५ | प्राविधिक, इञ्जिनियरिङ्ग, इइक | ४ | ७००।- |
| | | | | **जम्मा** | **४५** | |

**नोट :**

(क) बढुवाको लागि उम्मेदवार हुने स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

(ख ग्लोबल आइएमई बैक लि.मा नेपाल टेलिभिजनको नाममा रहेको चल्ती खाता नं ३४४०१०१००००६४५ मा दरखास्त दस्तुरवापतको रकम बुझाएको सक्कल भौचर दरखास्त फारामसाथ संलग्न हुनुपर्नेछ ।

(ग) यो सूचनामा नभएको विषयको हकमा सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजन कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) बमोजिम हुनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजन, सिंहदरवार

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०३/३१ गते)

**सूचना नं. २/०८१-८२**

लोक सेवा आयोगबाट मिति २०८२/०३/३० गते प्राप्त सहमति बमोजिम यस संस्थामा रिक्त देहायका पदहरुमा कार्यक्षमताको मूल्यांकनद्वारा बढुवा मार्फत पदपूर्ति गर्न सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजन कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) को विनियम ५८ मा तोकिए बमोजिम योग्यता पूरा गरेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र नेपाल टेलिभिजनको वेवसाइट www.ntv.org.np मा गई Online Application मार्फत् वा सिधै vacancy.ntv.org.np/job-list मा गई आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र परीक्षाको पाठ्यक्रम सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनको वेबसाइट www.ntv.org.np बाट प्राप्त गर्न सकिनेछ ।

म्याद नाघी तथा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । परीक्षा मिति पछि प्रकाशन हुनेछ ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | सेवा, समूह, उपसमूह | माग पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ३०/२०८१-८२ | प्रमुख प्रशासन अधिकृत | ९ | प्रशासन, प्रशासन | १ | २,०००।- |
| २ | ३१/२०८१-८२ | प्रमुख लेखा अधिकृत | ९ | प्रशासन, आर्थिक प्रशासन | १ | २,०००।- |
| ३ | ३२/२०८१-८२ | प्रमुख दृश्य सम्पादक | ९ | प्राविधिक, अपरेशन, दृश्य सम्पादन | १ | २,०००।- |
| ४ | ३३/२०८१-८२ | प्रमुख क्यामराम्यान | ९ | प्राविधिक, कार्यक्रम, छायाङ्कन | १ | २,०००।- |
| ५ | ३४/२०८१-८२ | प्रमुख निर्माता | ९ | प्राविधिक, कार्यक्रम, निर्माण | १ | २,०००।- |
| ६ | ३५/२०८१-८२ | कार्यकारी लेखा अधिकृत | ८ | प्रशासन, आर्थिक प्रशासन | १ | १,२००।- |
| ७ | ३६/२०८१-८२ | कार्यकारी इञ्जिनियर | ८ | प्राविधिक, इञ्जिनियरिङ्ग,इइक | १ | १,२००।- |
| ८ | ३७/२०८१-८२ | कार्यकारी क्यामराम्यान | ८ | प्राविधिक, कार्यक्रम, छायाङ्कन | १ | १,२००।- |
| ९ | ३८/२०८१-८२ | बरिष्ठ दृश्य सम्पादक | ७ | प्राविधिक, अपरेशन, दृश्य सम्पादन | १ | १,२००।- |
| १० | ३९/२०८१-८२ | बरिष्ठ क्यामराम्यान | ७ | प्राविधिक, कार्यक्रम, छायाङ्कन | १ | १,२००।- |
| ११ | ४०/२०८१-८२ | बरिष्ठ निर्माता | ७ | प्राविधिक, कार्यक्रम, निर्माण | १ | १,२००।- |
| १२ | ४१/२०८१-८२ | दृश्य सम्पादक | ६ | प्राविधिक, अपरेशन, दृश्य सम्पादन | १ | १,२००।- |
| | | | | **जम्मा** | १२ | |

**आन्तरिक प्रतियोगिताद्वारा बढुवाको दरखास्त फाराम दिंदा उम्मेदवारले ध्यान दिनुपर्ने विषयहरु :**

(क) आन्तरिक प्रतियोगिताद्वारा बढुवा हुने स्थायी कर्मचारीलाई उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

(ख) **शुल्क बुझाउने प्रक्रिया :** अनलाइन आवेदन Submit गरे पश्चात् प्राप्त हुने निर्देशन बमोजिम QR Scan गरी दरखास्त दस्तुर भुक्तानी गर्नुपर्नेछ ।

(ग) यो सूचनामा नभएका विषयको हकमा सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजन कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) बमोजिम हुनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति

# सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजन, सिंहदरवार

**खुला/समावेशी तर्फका प्रतियोगितात्मक परीक्षाद्वारा हुने पदपूर्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०३/३१ गते)

**सूचना नं.३/०८१-८२**

सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन) तर्फको स्वीकृत दरबन्दी बमोजिम रिक्त रहेका तपसिलका पदनाम, तह, सेवा, समूह र उपसमूहमा खुला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्न श्री लोक सेवा आयोगबाट मिति २०८२/०३/३० गते सहमति प्राप्त भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ। खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षामा सहभागी हुनको लागि यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र आवेदन दिनुपर्नेछ। तोकिएको योग्यता पुगेका उम्मेदवारहरुले नेपाल टेलिभिजनको वेवसाइट www.ntv.org.np मा गई Online Application मार्फत् वा सिधै vacancy.ntv.org.np/job-list मा गई प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको अवधिभित्र आवेदन पेश नगरेका वा रीतपूर्वक दरखास्त फाराम नभरेका उम्मेदवारहरु प्रतियोगितात्मक परीक्षामा सहभागी हुन नपाउने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। विज्ञापनको सूचना नेपाल टेलिभिजनको वेवसाइट www.ntv.org.np मा समेत राखिएको छ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा, समूह, उपसमूह | माग पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ४२/२०८१-८२ | प्रमुख निर्माता | ९ | प्राविधिक, कार्यक्रम, निर्माण | खुला-१ | २,०००।- |
| २ | ४३/२०८१-८२ | कार्यकारी समाचार सम्पादक | ८ | प्राविधिक, समाचार | खुला-१ | १,२००।- |
| ३ | ४४/२०८१-८२ | कार्यकारी क्यामराम्यान | ८ | प्राविधिक, कार्यक्रम, छायाङ्कन | खुला-१ | १,२००।- |
| ४ | ४५/२०८१-८२ | बरिष्ठ प्रशासन अधिकृत | ७ | प्रशासन, प्रशासन | खुला-१ | १,२००।- |
| ५ | ४६/२०८१-८२ | इञ्जिनियर | ७ | प्राविधिक, इञ्जिनियरिङ्ग, इइक | खुला-२ | १,२००।- |
| ६ | ४७/२०८१-८२ | प्रशासन अधिकृत | ६ | प्रशासन, प्रशासन | खुला-२<br>मधेशी-१ | १,२००।- |
| ७ | ४८/२०८१-८२ | लेखा अधिकृत | ६ | प्रशासन, आर्थिक प्रशासन | आ.ज.-१ | १,२००।- |
| ८ | ४९/२०८१-८२ | दृश्य सम्पादक | ६ | प्राविधिक, अपरेशन, दृश्य सम्पादन | आ.ज.-१ | १,२००।- |
| ९ | ५०/२०८१-८२ | क्यामराम्यान | ६ | प्राविधिक, कार्यक्रम, छायाङ्कन | खुला-१<br>मधेशी-१ | १,२००।- |
| १० | ५१/२०८१-८२ | बरिष्ठ सहायक प्रशासन | ५ | प्रशासन, प्रशासन | खुला-१<br>आज-१ | ७००।- |
| ११ | ५२/२०८१-८२ | बरिष्ठ सहायक प्राविधिक | ५ | प्राविधिक, इञ्जिनियरिङ्ग, इइक | खुला-२<br>महिला-१<br>आ.ज-१<br>दलित-१ | ७००।- |
| | | | | **जम्मा** | २० | |

**१.विज्ञापन सम्बन्धी विशेष सूचना :**

१.१ सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भएपश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

१.२ सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७९-WO-००७७, मिति २०७९/०४/२३ मा भएको आदेश बमोजिमका खुला र आन्तरिक प्रतियोगिताका १०८ पदहरु यथास्थितिमा राखिएको छ।

२. **न्यूनतम योग्यता**

| | |
|---|---|
| **१. प्रमुख निर्माता**को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट आमसञ्चार विषयमा स्नातकोत्तर तह उत्तीर्णका साथै नेपाल सरकारको निजामती सेवा, सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनु पर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ । | |
| **२. कार्यकारी समाचार सम्पादक**को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट पत्रकारिता विषयमा स्नातकोत्तर तह उत्तीर्णका साथै नेपाल सरकारको निजामती सेवा, सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनु पर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ । | |
| **३. कार्यकारी क्यामराम्यान (पर्सन)** को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्णका साथै नेपाल सरकारको निजामती सेवा, सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनु पर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ । | |
| **४. बरिष्ठ प्रशासन अधिकृत**को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तिर्ण गरेको । | |
| **५. इन्जिनियर**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स एण्ड ब्रोडकास्टिङ वा इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन्स विषय लिई इन्जिनियरिङमा स्नातक (बिई) उपाधि प्राप्त गरेको । | |
| **६. प्रशासन अधिकृत**को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण गरेको । | |
| **७. लेखा अधिकृत**को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा स्नातक उत्तीर्ण गरेको । | |
| **८. दृश्य सम्पादक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक भई मान्यता प्राप्त संस्थामा दृश्य सम्पादन कार्यमा तीन वर्षको अनुभव प्राप्त गरेको । | |
| **९. क्यामराम्यान (पर्सन)** को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उतीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट टेलिभिजन उत्पादन/छायाङ्कन सम्बन्धी आधारभूत ३ महिने तालिम प्राप्त गरी कम्तीमा १ वर्षको कार्य अनुभव प्राप्त गरेको । | |
| **१०. वरिष्ठ सहायक प्रशासन**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह/१०+२ वा सो सरहको परीक्षा उतीर्ण गरेको | |
| **११. वरिष्ठ सहायक प्राविधिक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल विषय लिई इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह/१०+२ वा सो सरहको परीक्षा उतीर्ण गरेको । | |

**२. परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**३. परीक्षा दस्तुर :** माथि उल्लिखित दस्तुरका साथै खुलासँगै समावेशी समूहमा दरखास्त दिन चाहेमा प्रति समावेशीका लागि तोकिएको दरखास्त दस्तुरको थप २५% ले हुने दस्तुर समेत बुझाउनु पर्नेछ ।

**४.शुल्क बुझाउने प्रक्रिया :**

४.१ अनलाइन आवेदन Submit गरे पश्चात् प्राप्त हुने निर्देशन बमोजिम QR Scan गरी दरखास्त दस्तुर भुक्तानी गर्नुपर्नेछ ।

४.२ एकभन्दा बढी विज्ञापनमा अनलाइन दरखास्त भर्दा प्रत्येक विज्ञापनको लागि अलग-अलग दरखास्त शुल्क भुक्तानीगर्नुपर्नेछ

५. **दरखास्त दिने अन्तिम मिति :** मिति २०८२/०४/१९ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०८२/०४/२६ गतेसम्म ।

**६. उमेरको हद सम्वन्धमा देहाय बमोजिम हुनुपर्नेछ ।**

(१) अधिकृत तह ६ र ७ का लागि - दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको । अधिकृत तह ८ र ९ का लागि ४० वर्ष ननाघेको ।

(२) बरिष्ठ सहायक तह - दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको

(३) महिला र अपाङ्ग सिटमा दरखास्त दिनेको हकमा अधिकृत र सहायक दुवै तहमा उपल्लो उमेर ४० वर्ष ननाघेको ।

(४) सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनमा कार्यरत कर्मचारीको उमेरको हकमा प्रचलित कर्मचारी सेवा शर्त विनियमावलीको विनियम ७१ बमोजिम हुनेछ ।

**७. काम गर्नुपर्ने भौगोलिक क्षेत्र :** सार्वजनिक सेवा प्रसारण नेपालको केन्द्रीय कार्यालय सिंहदरवार, विभिन्न जिल्लास्थित प्रसारण केन्द्र एवं कार्यालय ।

**८. समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न बमोजिमका कागजातहरु समेत अनिवार्य रुपमा दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछ :**

(क) आदिवासी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर नेपाल आदिवासी /जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जाति भित्र एक भन्दा वढि थरहरु भएमा सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरी दिएको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थावाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमूख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) अपाङ्गताको भएका व्यक्तिको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदवाट अपाङ्गता प्रमाणित प्रतिलिपि वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँपालिका वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि ।

९. एउटै पदको खुला र समावेशीतर्फको परीक्षा एउटै हुनेछ । छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन ।

१०. खुला तथा समावेशीतर्फको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा (कम्प्युटर सीप परीक्षण समेत) र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

११. सफारिस गर्दा सबै प्रकारको परीक्षा पश्चात प्राप्त हुन आएको एकमुष्ठ योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ । आवेदन स्वीकृत, अस्वीकृत तथा रद्द गर्ने सम्पूर्ण अधिकार पदपूर्ति समितिलाई हुनेछ ।

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) सहयोगी लेखक माग गर्ने उम्मदेवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै लोक सेवा आयोगमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन सकिने छैन ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनेपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(घ) तलव स्केल र अन्य सुविधा :- सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनको नियमानुसार हुनेछ ।

(ङ) अन्तर्वार्ता हुने मितिः लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

(च) दरखास्त फाराम र पाठ्यक्रम सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनको Website www.ntv.org.np बाट प्राप्त गर्न सकिनेछ ।

(छ) लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ र परीक्षाको तालिका समेत लोकसेवा आयोगबाट निर्धारण हुनेछ।

(ज) संस्थाद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(झ) यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित थप विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

(ञ) विज्ञापनसँग सम्बन्धित थप जानकारीका लागि सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनको केन्द्रीय कार्यालयको प्रशासन महाशाखाको फोन नम्बर ०१-४२००३४८ EXT-१२५, १२६ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

(ट) रित नपुगी आएको दरखास्त उपर कुनै कारबाही हुनेछैन ।

सदस्य सचिव
पदपूर्ति समिति